मुख्यमन्त्री

प्रदेश नं. ४

पोखरा, नेपाल

# सन्देश

नेपालको संघीयता कार्यान्वयनको चरणमा म यस प्रदेश नं ४ प्रदेश सरकारको पहिलो मुख्यमन्त्रीको पद बहाली भएको अवसरमा प्रदेशबासी, स्वदेश र विदेशमा रहनुहुने सम्पूर्ण नागरिक प्रति यस प्रदेशमा हार्दिक स्वागत गर्दछु। साथै मलाई यस प्रदेशबाट प्रदेशसभा सदस्यमा निर्वाचित गरी यो गरिमामय पदको जिम्मेवारी नागरिकबाट प्राप्त भएकोले प्रदेशबासी प्रति हार्दिक आभार व्यक्त गर्दछु।

पर्यटकीय, सांस्कृतिक एवं जैविक विविधताले भरिपूर्ण यस प्रदेशमा मेरो कार्यकालमा आर्थिक रुपले समृद्ध बनाउने, सुशासन कायम गर्ने गरी विकासका संरचना तयार गरिनेछ। प्रदेशको समृद्धिको लागि विकासका योजना तर्जुमा एवं कार्यान्वयनका लागि तत्पर रही कार्य गरिनेछ। यसका लागि प्रदेश सरकारको प्राथिमकतामा कृषि, पर्यटन, उर्जा, सडक लगायतका पूर्वाधार र सामाजिक क्षेत्रका कार्यक्रमहरु पर्नेछन्। प्रदेशमा रहेको गरिबी, अशिक्षा, बेरोजगारी, विभेदको अन्त्य गर्दै समाजमा सामाजिक न्याय कायम गरिनेछ। साथै व्यापक मात्रामा रोजगारीका अवसरहरु सृजना गरी आर्थिक बृद्धिदर उच्च बनाउने हाम्रो लक्ष्य रहनेछ। पर्यटकीय राजधानीको रुपमा रहेको हाम्रो प्रदेशलाई विश्व बजारमा परिचित बनाई बढी भन्दा बढी पर्यटकहरु भित्र्याउने लक्ष्य पनि प्रदेश सरकारको रहनेछ।

प्रादेशिक संरचनाको प्रारम्भिक कार्य गर्दै उपलब्ध श्रोत साधनको उचित व्यवस्थापन गरीसरकारको कार्यसम्पादनलाई छिटो, छरितो र चुस्त बनाउन विद्युतीय सुशासनमा जोड दिइनेछ। यसका लागि नेपाल सरकार तथा स्थानीय तहसँग समेत समन्वय गरी प्रभावकारी सेवा प्रवाह गर्ने र हरेक नागरिकको सेवा तथा सूचनामा पहुँच पुऱ्याइने ब्यवस्था मिलाइनेछ।

विकास र समृद्धिका लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न लगानी मैत्री नीति अवलम्बन गरिने छ। यस प्रदेशको आर्थिक समृद्धिको लागि निजी क्षेत्रलाई सहकार्य र लगानीका लागि पनि आह्वान गर्दछु। प्रदेशको दिगो शान्ति, सुशासन, विकास, समृद्धि र नागरिक जीवनलाई सुखी र समृद्ध बनाउन सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दछु।

**धन्यवाद।**

**पृथ्वीसुब्बा गुरुङ**
**मुख्यमन्त्री**